# निर्वाचन आयोगको

## विभिन्न मर्मत सम्बन्धी कार्यको दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७६।११

निर्वाचन आयोगको विभिन्न मर्मत सम्बन्धी कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| दरभाउपत्र/ ठेक्का नं. | विवरण | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|
| 2/077-78/ ECN | विभिन्न मर्मत कार्य (भवनको जस्तापाता फेर्ने,महिला शौचालयमा आल्मोनियम पार्टेशन गरी कमोड राख्ने, आगलागी भएको स्थानमा वाइरिङ र फलसिलिङको मर्मत गर्ने) | १०००।- | ४५,०००।- | सिलबन्दी दर्ता |

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट प्यान दर्ता र आ.व. २०७५/७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी) पेश गरी यस आयोगको जिन्सी शाखाबाट खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र जमानत वापत रु. ४५,०००।- रकम बराबरको यस आयोगको नाममा जारी भएको बिडबण्ड वा को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक लि. को धरौटी खाता नं. ११००२०३००००००० मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ । बिडबण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ । दरभाउपत्रको मान्य अवधि ४५ (पैतालीस) दिन हुनेछ ।

३. दरभाउपत्र फाराम सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस आयोगको जिन्सी शाखामा दर्ता गराई सक्नुपर्नेछ ।

४. दर्ता हुन आएका दरभाउपत्र फारामहरु प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २.०० बजे आयोगको जिन्सी शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर कम्पनी/फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र खोल्न सहभागी हुन चाहने फर्म/कम्पनीका प्रतिनिधिलाई आधिकारिक पत्र सहित आफ्नो पहिचान खुल्ने परिचयपत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध गरिएको छ । अन्यथा दरभाउपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन । दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन एवम् दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा ती कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

५. दरभाउपत्रदाताको कानुनी ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ :
(क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्यअभिवृद्धि कर र पानदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग)दरभाउपत्रदाताले खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७५।७६ सम्मको करचुक्ताको प्रमाणित प्रतिलिपि (ङ) फर्म/कम्पनीले आधिकारिक रूपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र र Valid इमेल आईडी ।

६. दरभाउपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर "निर्वाचन आयोगको **विभिन्न मर्मत सम्बन्धी कार्य** दरभाउपत्र, ठेक्का नं. 2/077-78/ ECN" भनी स्पष्टसंग उल्लेख गर्नुपर्नेछ ।

७. **दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको, दरभाउपत्र फाराम र यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख गर्नुपर्ने भनिएका कागजातहरु दरभाउपत्रसाथ समावेश नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।**

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा कारण जनाई वा नजनाई रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ ।

९. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र आयोगको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।